सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र, डोटी

सिलगढी, नेपाल

प.स.०८२/८३
च.नं.:

सुचना नं :-०६

## विभिन्न कृषि विकास कार्यक्रम संचालनका लागी आवेदन पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति: २०८२/०७/१८)

कृषि ज्ञान केन्द्र, डोटीको चालु आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलमा उल्लेखित कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्धन नियमावली (पहिलो शंशोधन), २०८० बमोजिम सम्बन्धित क्षेत्रका ईच्छुक कृषक समूह/सहकारी/कम्पनी तथा कृषि फर्म/उद्यमी व्यवसायीहरुले यो सुचना प्रकाशित भएको मितिले ३० दिन अर्थात मिति २०८२/०८/१७ भित्र यस कार्यालय वा सम्बन्धित स्थानिय तहको कृषि विकास शाखामा आवश्यक कागजातहरु संलग्न राखी तोकिएको ढाँचामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ।

(आयुशा जोशी)
कार्यालय प्रमुख
आयुशा जोशी
निमित्त कार्यालय प्रमुख

तपसिल

| सि.न. | कार्यक्रमको नाम | कार्यक्रम संचालन हुने स्थान | न्युनतम मापदण्ड |
|---|---|---|---|
| १ | फलफूल वगैचा स्थापना एवं प्रवर्द्वन कार्यक्रम | जिल्लाभरी | कम्तिमा १० रोपनिको वगैचा स्थापना गर्नु पर्ने |
| २ | श्रोत केन्द्र तथा नर्सरी स्थापना | जिल्लाभरी | नर्सरी स्थापनाका लागी माउ बोट भएको, स्रोत केन्द्र वनाउने आधार भएको र बिगत वर्षमा कृषि ज्ञान केन्द्र वा अन्य निकायबाट अनुदान नलिएको हुनु पर्ने |
| ३ | मौरी प्रवर्द्धन कार्यक्रम | जिल्लाभरी | व्यवसायिक मौरिपालन गरि रहेको वा गर्नु पर्ने |
| ४ | व्यवसायिक तरकारी खेती | जिल्लाभरी | कम्तिमा १ रोपनि मा तरकारी खेति गर्नु पर्ने |
| ५ | खेतीयोग्य बाँझो जमिन सदुपयोग कार्यक्रम | जिल्लाभरी | कम्तिमा २ रोपनि बाझो जमिन हुनु पर्ने |
| ६ | पर्यटकीय स्थल भएका क्षेत्र लक्षित कृषि उत्पादन कार्यक्रम | जिल्लाका पर्यटकीय स्थल भएका क्षेत्र | कम्तिमा २ रोपनिमा कृषि उत्पादन गर्नु पर्ने |



CamScanner

सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, डोटी
सिलगढी, नेपाल

प.स.०८२/८३
च.नं.:

**आवेदनसाथ संलग्न राख्नुपर्ने कागजातहरु:**

१. कार्यक्रममा सहभागी हुन पाउँ भन्ने बारेको निवेदन (रु. १० को हुलाक टिकट सहित)।

२. सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्धन नियमावली (पहिलो शंशोधन), २०८० बमोजिम को अनुसूचि ५ बमोजिमको ढाँचामा पुर्ण विवरण भरिएको प्रस्ताव फाराम ।

३. लाभान्वित हुने कृषकहरुको विवरण र कार्यक्रम संचालनका लागि चाहिने न्युनतम जमिनको क्षेत्रफलको आधिकारिकता खुल्ने प्रमाणको प्रतिलिपि ।

४. सम्बन्धित स्थानिय तहको कृषि विकास शाखा वा सम्वन्धित वडा कार्यालयको सिफारिस ।

५. कृषक समूह/सहकारी/फर्मको दर्ता प्रमाण-पत्र, स्थाइ लेखा नम्बर र कर चुक्ताको प्रमाण-पत्रको प्रतिलिपी ।

६. कृषक समूह/सहकारीको हकमा निर्णयको प्रतिलिपी ।

७. सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्धन नियमावली (पहिलो शंशोधन), २०८० मा उल्लेख भए बमोजिमको (रु. १ लाख सम्मको अनुदान माग गरेका शुल्क नलाग्ने, १ लाख देखी ५ लाख सम्म अनुदान माग गरेमा रु. ३००।- र ५ लाख भन्दा बढीको अनुदान माग गरेमा रु. १०००।-) आवेदन शुल्क बुझाएको बैंक भौचर वा कार्यालयको नगदी रसिद ।

**बैंक सम्वन्धी जानकारी**

बैंकः राष्ट्रिय वाणिज्य बैंक
कार्यालयको नाम : कृषि ज्ञान केन्द्र, डोटी
कार्यालय कोड नः ३१२०१७१०२७
शिर्षक नः १४२२९
प्रयोजनः अन्य प्रशासनिक सेवा शुल्क

नोट : माथी उल्खेखित कार्यक्रमहरुको सन्चालन प्रक्रिया तथा प्रदान गरिने सेवाहरु कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन नियमावली-२०७९ (पहिलो संसोधन-२०८०) र स्वीकृत कार्यविधि बमोजिम संचालन हुने छन् ।

**आवश्यक शर्तहरु:**

१. आवेदन दिने उपभोक्ताहरु आवेदन संग सम्वन्धित कृषि पेशामा संलग्न रहेको हुनु पर्ने छ ।

२. आवेदन फाराममा भएका सम्पुर्ण विवरण पुर्ण रुपमा भर्नु पर्ने छ। अपुर्ण तथा अप्पष्ट रुपमा भरिएको, संलग्न गर्नु पर्ने कागजातहरु संलग्न नगरेको आवेदनहरु छनौट प्रकृयामा समावेश गरिने छैन ।

३. आवेदकले पेश गरेका प्रस्तावहरु स्विकार गर्ने वा नगर्ने अन्तिम र पुर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

४. प्रस्ताव फारामको नमुना यस कार्यालय र सम्वन्धित स्थानिय तहको कृषि शाखा बाट प्राप्त गर्न सकिने छ ।

थप जानकारीका लागि यस कार्यालयको सम्पर्क नं . ०९४४११२६, र मोबाइल नं ९८५८४८४१२६ वा ९८५८४९११२६ वा ९७४५५८५७७८ मा सम्पर्क गर्न सकिनेछ ।

आयुषी जोशी
कार्यालय प्रमुख